# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## रुपा गाउँपालिका
## कास्की




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ६२ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रुपा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कास्की ।

**कैफियत सहितको राय**

हामीले रुपा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ८४ लाख ३८ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिकियाबाट रू.१ लाख १४ हजार फछ्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९ लाख ०५ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ०२ लाख ८१ हजार र पेश्की रू.६५ लाख ४४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.३ करोड ७३ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.५ करोड २२ लाख ४८ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

रुपा गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | १९ | १८४३८ | ० | २ | ११४ | ३७ | १७ | १८३२४ | ५९४ | १०२८१ | ९०५ | ० | ० | १११८६ | ६५४४ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कास्की | ३७३३२ | ० | ३४०८ | ३३९२४ | ० | १८३२४ | ५२२४८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रुपा गाउँपालिका, कास्की , रुपा गाउँपालिका , कास्की

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सन्तोष ढुंगाना | २०७७-५-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ज्योती गुरुङ | २०७६-२-१ | |
| | | **बेरुजु रकम** | १८,४३७,९९९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ८,५४,८९,७२३.५६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,७३,७३,२६८ | **चालु खर्च** | २७,४९,४५,५५५.२१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,२०,७०,००० | **पूँजीगत खर्च** | ११,९१,३१,५०४.७७ |
| **राजश्व बाँडफाँट** | ४,९५,३८,१८०.४५ | **वित्तीय/अन्य व्यवस्था** | १२,१८,५८,७९८.५५ |
| **आन्तरिक आय** | १,०१,५१,७३३.१७ | | |
| **अन्य आय** | १२,२७,९०,१७८ | | |
| **कुल आय** | ५२,१९,२३,३५९.६२ | **कुल खर्च** | ५१,५९,३५,८५८.५३ |
| **बाँकी मौज्दात** | | ९,१४,७७,२२४.६५ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत७ वडा, ३९ सभा सदस्य तथा १४ हजार ५१९ जनसंख्या रहेका छन्। यसको क्षेत्रफल ९४.८१ वर्ग किलोमिटर रहेको छ। | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा शिक्षकको पारिश्रमिक बढी निकासा, पारिश्रमिक कर, पदाधिकारीको दोहोरो सुविधा लगायतको रु.४१०८०० असुल भई सम्वन्धित बैंक खातामा दाखिला भएको छ । | |
| ५ | | | **संचितकोषको प्राप्ति र भुक्तानी**<br>रुपा गाउँपालिकाको म ले प फा नं २७२ अनुसार आर्थिक वर्ष २०७७।७८ को वित्तिय विवरण देहायबमोजिम रहेको छ । | |

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४९,३६,७१,३६०.१८ | ४२,३८,८६,३३७.०७ | | ४२,३८,८६,३३७.०७ | ४४,९८,९९,३२५.०७ | | ४४,९८,९९,३२५.०७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४७,८६,३४,१२२.१८ | ४०,१७,२४,३४८.०७ | ० | ४०,१७,२४,३४८.०७ | ३२,७१,७७,१३०.५२ | ० | ३२,७१,७७,१३०.५२ |
| ११००० कर | ११ | ७,२०,६३,६५० | ५,०४,५६,४२९.११ | ० | ५,०४,५६,४२९.११ | ३,९५,२६,९५८.०७ | ० | ३,९५,२६,९५८.०७ |
| १३००० अनुदान | | ३८,८३,६८,५०० | ३४,२२,२५,७६१.४५ | ० | ३४,२२,२५,७६१.४५ | २८,१४,०८,५२५ | ० | २८,१४,०८,५२५ |
| संघीय सरकार | १२ | ३३,१३,६८,५०० | २९,७८,७२,२६२.०३ | ० | २९,७८,७२,२६२.०३ | २६,४२,२०,००० | ० | २६,४२,२०,००० |
| प्रदेश सरकार | १२ | २,२०,७०,००० | २,२०,६९,९९९.४२ | ० | २,२०,६९,९९९.४२ | १,७१,८८,५२५ | ० | १,७१,८८,५२५ |
| अन्तरिक श्रोत | | ३,४९,३०,००० | २,२२,८३,५०० | ० | २,२२,८३,५०० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | १,८१,८६,९७२.१८ | ९०,४२,१५७.५१ | ० | ९०,४२,१५७.५१ | ६२,४१,६४७.४५ | ० | ६२,४१,६४७.४५ |
| १५००० विविध प्राप्ति | | १५,००० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,५०,३७,२३८ | २,२१,६१,९८९ | | २,२१,६१,९८९ | १२,२७,२२,१९४.५५ | | १२,२७,२२,१९४.५५ |
| वितरण गर्न बाकी राजस्व | | ० | २४,३१,८३९ | ० | २४,३१,८३९ | १३,८५,५६५ | ० | १३,८५,५६५ |
| कोषहरु | | १,५०,३७,२३८ | १,५०,३७,२३८ | ० | १,५०,३७,२३८ | ४,९३,९६,७९० | ० | ४,९३,९६,७९० |
| धरौटी | | ० | ४६,९२,९१२ | ० | ४६,९२,९१२ | १३,२०,४९०.५५ | ० | १३,२०,४९०.५५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ७,०६,१९,३४९ | ० | ७,०६,१९,३४९ |
| भुक्तानी (ग+घ) | | ५६,४१,१०,०५८.१९ | ४०,५३,२६,३२९.९८ | | ४०,५३,२६,३२९.९८ | ४१,५४,१२,८९९.६२ | | ४१,५४,१२,८९९.६२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४,९०,७२,८२०.१९ | ३९,४०,८०,५०९.९८ | | ३९,४०,८०,५०९.९८ | ३०,७७,२५,७८८.६२ | | ३०,७७,२५,७८८.६२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ५,१३,०९,४४४ | ४,६४,६४,०६२.११ | ० | ४,६४,६४,०६२.११ | १३,६८,७४,१६६.१० | ० | १३,६८,७४,१६६.१० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,०४,०७,६४७.६९ | ७,७५,८९,५२८.२८ | ० | ७,७५,८९,५२८.२८ | ४,६२,६३,४१७.०६ | ० | ४,६२,६३,४१७.०६ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ५,५५,६०० | ० | ५,५५,६०० |
| २६००० अनुदान | १८ | १४,८०,५१,००० | १४,१८,२७,६२० | ० | १४,१८,२७,६२० | १,६७,५८,१३६ | ० | १,६७,५८,१३६ |
| २७००० सामाजिक सुरक्षा | १८ | ५३,१३,००० | ४३,९०,२९७ | ० | ४३,९०,२९७ | ५३,२०,७८३.७० | ० | ५३,२०,७८३.७० |
| २८००० अन्य खर्च | १८ | ५१,५७,७०६.३२ | ४६,७४,०४७.८२ | ० | ४६,७४,०४७.८२ | ९३,९७,९४१.०९ | ० | ९३,९७,९४१.०९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,८८,३४,०२२.१८ | ११,९१,३४,९५४.७७ | ० | ११,९१,३४,९५४.७७ | ९,२५,५५,७४४.६७ | ० | ९,२५,५५,७४४.६७ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १,५०,३७,२३८ | १,१२,४५,८२० | | १,१२,४५,८२० | ४१,५४,१२,८९९.६२ | | ४१,५४,१२,८९९.६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोषहरु | | १,५०,३७,२३८ | ८८,२५,९८२ | ० | ८८,२५,९८२ | ३,६६,३२,९३२ | ० | ३,६६,३२,९३२ | |
| | | | धरौटी | | ० | २४,२३,२८८ | ० | २४,२३,२८८ | ४,३४,८३० | ० | ४,३४,८३० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ७,०६,१९,३४९ | ० | ७,०६,१९,३४९ | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३,४५० | | -३,४५० | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (७,०४,३८,६९८.०१) | १,८५,६०,००७.०९ | | १,८५,६०,००७.०९ | ३,४४,८६,४२५.४५ | | ३,४४,८६,४२५.४५ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,२७,२५,८९०.५६ | | ७,२७,२५,८९०.५६ | ६,४७,४८,१६६.६१ | | ६,४७,४८,१६६.६१ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (७,०४,३८,६९८.०१) | ९,१२,८५,८९७.६५ | | ९,१२,८५,८९७.६५ | ९,९२,३४,५९२.०६ | | ९,९२,३४,५९२.०६ | |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ९,१२,८५,८९७.६५ | | ९,१२,८५,८९७.६५ | ८,५५,३९,५७८.५६ | | ८,५५,३९,५७८.५६ | |

आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्ने रकम रु १९१३२७ भुलबस संचितकोष खातामा आन्तरिक राजश्व दाखिला गरेको तथा गाउँपालिकाले पनि सोभै संचितकोष खातामा नै जम्मा गरेकोले बैक कारोबार भिन्नता राजश्व खाता र संचित खाता बीचमा रु १९१३२७ फरक परेको तथा जम्मा बैक मौज्दात रु ९१४७७२२४।६५ हुनुपर्नेमा रु ९,१२,८५,८९७.६५ देखिन्छ।

५

**वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्होरा देहाय बमोजिम छन्:

· सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.४०१७२४३४८।०७ देखिएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.३३९४४३२६८, बाँडफाँडबाट प्राप्त रकम रु.४९५३८१८०।४५ र आन्तरिक आम्दानी रु.१०१५१७३३।१७ र जिल्ला समन्वयबाट प्राप्त रु.२२२८३५०० समेत रु.४२१४१६६८१।६२ हुने देखिन्छ ।जसमा फिर्ता रकम रु.१९५०१००६।५५ घटाउदा रु.४०१९१५६७५।०७ हुने देखिन्छ । जस अनुसार रु.१९१३२७ फरक देखिएको छ । सो फरक रकम आन्तरिक राजस्व खातामा सेवा ग्राहिले रकम दाखिला गर्नुपर्नेमा संचित कोषमा दाखिला गरेकोले फरक परेको रकमको प्रमाण पेश भएको छ । अन्य प्राप्तिमा बाँडफाड गर्न बाँकी राजस्व रु.२४३१८३९, कोषहरुको रु.१५०२७२३८ र धरौटी रु.४६९२९१२ समेत गरी म.ले.प.फा.२७२ अनुसार रु.४२३८८६३३७।०७ देखिएको छ । जसमा बाँडफाड गर्न बाँकी राजस्व देखिएको रकम प्रदेशमा फिर्ता गरी बाँकी रकम पालिकाको राजस्व खातामा अल्या गर्न बाँकी रहेको देखिन्छ ।

· पालिकाको म.ले.प.फा.२७२ को संचितकोषको भुक्तानीतर्फ रु.३९४०८०५०९।९८ समेत कुल भुक्तानी रु.४०५३२६३२९।९८ मात्र देखिन्छ ।

· यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.२७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.८ करोड ८६ लाख ७९ हजार अन्तरसरकारी को रकम CGAS मा समेटिएकाले यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।

**बैंक मौज्दातः** प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी बैंक मौज्दात रु.९१४७७२२४।६५ छ । जसमा स्थानीय तह संचित कोष खातामा रु.७८२७७३१३।१०, धरौटीमा रु.४५५६८१६।५५, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातामा रु.६०११२५६, विविध कोष खातामा रु.२००००० र स्थानीय तह विभाज्य कोष खातामा रु.२४३१८३९ रहेको देखिन्छ । सुत्रको म.ले.प.फा.न २७२ मा रु.९१२८५८९७।६५ देखिन्छ। एकिकृत आ.वि.मा सुत्रमा रहेको भन्दा रु.१९१३२७ बढी बैंक मौज्दात देखिएकोमा राजस्व खातामा जम्मा गर्नुपर्नेमा सो रकम संचित कोषमा जम्मा भएको प्रमाणबाट देखिन्छ ।

६

**आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्होराहरु तपशिल वमोजिम रहेका छन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्ण रुपमा कार्यान्वयनमा आउन सकेको छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले मातहतका विभिन्न वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्ने,<br>• सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा अन्य कार्यक्रमको समेत एकमुष्ट गर्ने गरेको तर सामाजिक सुरक्षाको लागि मात्र गरेको देखिदैन ।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । मिति २०७६ आषाढ १० गतेको पाँचौ गाँउसभाको निर्णय नं १९ बाट गाँउपालिकाबाट स साना योजनामा जनताको समस्या र कामलाई सम्बोधन गर्नका लागी अध्यक्षको तोकआदेशबाट रु.१ लाखसम्म खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यस स्थानीय तहले यो बर्ष रु.३१ लाख अध्यक्षको विभिन्न मितिको तोकआदेशबाट खर्च गरेको छ । यसरी बजेट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा २०७७।०३।७ गते रु.५४ करोड ९० लाख ७२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।८ मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७७।५।१६ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ८ | | | **खर्च विश्लेषण**<br>पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.१०१५१७३३।१७ राजस्व बाँडफाँड रु.४९५३८१८०।४५ र अनुदानबाट रु.३३९४४३२६८ समेत रु.३९९१३३१८१।६२आम्दानी भएकोमा चालुतर्फ रु.२७४९४५५५५।२१ र पूँजीगततर्फ रु.११९१३१५०४।७७ समेत रु.३९४०७७०५९।९८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा करिब रु.८९८२९४० खर्च भएको छ जुन आन्तरिक आयको ८८।४९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८१ प्रतिशत चालु र १९ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ९ | | | **तलबी प्रतिवेदन**<br>निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननिय मन्त्रि स्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचरी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि कोलेनिकामा पेश गरेको भएतापनि कोलेनिकाले पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारित गरी वर्षभरीमा रु.१ करोड ३३ लाख २४ हजार खर्च गरेको देखियो। जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजनाछनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| सि न | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | १ लाख भन्दा कमको योजना | ९८ | ६८४६००० |
| २ | १ लाख देखि पाँच लाख सम्मका योजना | १३० | ३८२००००० |
| ३ | ५ लाख देखि १० लाख सम्मका योजना | ४१ | ३२५४५००० |
| ४ | १० लाख एक देखि ५० लाख सम्मा योजना | २१ | ४७४७४००० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ८ | १०३७६९००० |
| | जम्मा | २९८ | २२८८३४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **पुँजिगत चौमासिक खर्च स्थिति**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कूल खर्च** | **चौमासिक खर्च (रु.हजारमा)** | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | |
| | विभिन्न | ११९१३१ | १०७१६ | ११९७३ | ९७२४२ | ७३११८ |
| | **खर्च प्रतिशत** | **१००** | **९** | **९.३८** | **८१.६२** | **६१.३७** |

उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु.११ करोड ९१ लाख ३१ हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ८१.६२ प्रतिशत र आषाढमा ६१.३७ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>
क्षेत्रगत बजेट खर्च<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४१२२५०००</td><td>२७३७७०३०</td><td>६.९५</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२६६३०३९४१</td><td>२१२६७८४०५.४७</td><td>५३.९७</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१४३०२१६०७</td><td>७३०२५५४७.३३</td><td>१८.५३</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२०२०००००</td><td>१३२६७६७८</td><td>३.३७</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>७८३२२२७२.१९</td><td>६७७२८३९९.१८</td><td>१७.१८</td></tr>
<tr><td>जम्मा</td><td>५४९०७२८२०.१९</td><td>३९४०७७०५९.९८</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
कानून निर्माण<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ४ वटा नियमावली, २२ कार्यविधि नीति तथा मापदण्ड ४, ६ वटा निर्देशिका र १ आचारसंहिता गरी ५६ वटा कानून निर्माण गरेकोमा सोको प्रभावकारी पालना गर्नेतर्फ ध्यान दिनुपर्छ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
न्यायिक समिति<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ रहेकोमा यो बर्ष १६ मुद्दा दर्ता भएकोमा १७ फछ्र्यौट भई बाँकी ८ भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
सेवा प्रवाह<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस ९८८, घरबाटो सिफारिस ७०३, विवाह १७५, सम्बन्ध विच्छेद १३, जन्म तथा मृत्यु दर्ता ८४२, वसाईसराई १४३ र अन्य ४१४७ दर्ता गरेको पाइयो। पालिकाले अन्यमा दर्ता समेत भएको भनिएकोमा कुन कुन हो भनी एकिन गरी नपठाएकोले पंञ्जीकरणबाट यथार्थ विवरण प्राप्त नभएकोले पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन।पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
विविध खर्च<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२०८४२६१ खर्च गरेको छ । गाँउपालिकाले बैठक तथा अन्य क्रियाकलाप संचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति संख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम संचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.३१६६०५० आर्थिक सहायता वितरण गरेका छ। । केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ । गाउँपालिकाको तोकादेशमा आर्थिक सहायता वितरण भएका केही उदाहरणहरु: | |

| **भौ.नं.।मिति** | **सहायता प्राप्त गर्ने व्यक्ति संस्था** | **सहायता रकम** |
|---|---|---|
| ३५४।०७८।३।८ | रुपा बाराही युवा क्लब | २५००० |
| १४।०७७।६।९ | पूर्व विद्यार्थी मञ्च शिवालय मा वि | १०००० |
| ७९।०७७।८।९ | गल संन्ध्या पोखरा | २५००० |
| १८९।०७७।११।२० | अनोज खनाल | ३५००० |
| २२२।०७७।१२।१६ | गाउँफर्क आ वि | १०००० |
| २३२।०७७।१२।१८ | सामुदायिक वन उपभोक्ता महासंघ | २५००० |
| ३६५।०७८।३।११ | सुर्य तारा क्लब | १५००० |
| ३८२।०७८।३।१४ | पश्चिम पोखरा सामुदायिक विकास केन्द्र | २०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **अनुदान प्राप्ति र फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु.१९५०१००६.५५ मिति २०७८।४।४ गते फिर्ता गरेको भौचर प्राप्त भएकाले सम्बन्धित बैंक खातामा अनुदान निकासा फिर्ता गरेकोले थप निकासा अनुदान रकम फिर्ता गर्नुपर्ने देखिएको छैन । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २१६३९१७६८ | १९७७१९४०७.०३ | १८७२३६०.९७ |
| | विषेश | ० | ० | |
| | समपुरक | २२७८१५०० | २१९५२८५५ | ८२८६४५ |
| | अन्य | ० | ० | |
| **प्रदेश सरकार** | शसर्त | ० | ० | |
| | विषेश | ० | ० | |
| | समपुरक | १०००००००० | ९९९९९९.४२ | ०.५८ |
| | अन्य | ० | ० | |
| | **जम्मा** | **२४९१७३२६८** | **२२०६७२२६१.७२** | **१९५०१००६.५५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **अनुगमन तथा भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ।कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२९ लाख८८ हजार खर्च लेखेको छ तर भ्रमणको अनुगमन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन।यसमा सुधार गर्नुपर्ने देखिन्छ। | |
| २० | | | **कर्मचारी दरबन्दी र पदपुर्ति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ६१ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २८ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.७४३०७३१ खर्च लेखेको छ । सशर्त तर्फ २५ जना करार कर्मचारी नियुक्त गरी रु.७९८७४६० खर्च लेखेको देखिन्छ । पालिकाले नपुग कर्मचारीको दरबन्दी माग गरी करार कर्मचारीमा हुने खर्चलाई न्यूनिकरण गर्दै जानेतर्फ ध्यान दिनुपर्छ । | |
| २२ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाडफाडबाट कर्मचारी कल्याण कोषमा रु.१ लाख रकम ट्रान्सफर गरेको छ । | |
| २३ | | | **अनुत्पादक तथा वितरणमुखी खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.७१८००० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | देउराली नेवा ख | बाजा खरिद | ७०००० |
| २ | सत्य तमु उद्यमी आमा समूह | धागो खरिद | ११४००० |
| ३ | कपासे भगवती मन्दिर निर्माण | मन्दिर निर्माण | ३००००० |
| ४ | तमु ह्युला धि भवन निर्माण | सामुदायिक भवन निर्माण | २३४००० |
| | **जम्मा** | | ७१८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **गत आर्थिक वर्षको भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) विनियोजित बजेट नपुग भएमा भुक्तानी दिन बाँकीको विवरण आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी भुक्तानी दिन मिल्ने व्यवस्था गरेको छ ।पालिकाले गत आवमा भुक्तानी दिने रकम अपुग भएकाले भुक्तानी दिन दायित्व सिर्जना भएको भनि कार्यपालिकाको निर्णयमा भुक्तानी दिन बाँकीको विवरण उल्लेख गरी रु.११६५८००० रकम भुक्तानी दिएको देखिन्छ । पालिकाले स्रोतको सहि अनुमान गर्दै बजेट तयार गर्दै जुन आ वको लागि बजेट छुट्याएको हो सोही आवमा काम सक्ने र भुक्तानी दिने तर्फ ध्यान दिनुपर्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **शिक्षक दरबन्दी पद्पुर्ति विवरण**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><td>विद्यालय</td><td>शिक्षक दरवन्दी</td><td>स्थायी पदपुर्ती</td><td>पदपुर्ती मध्ये करार</td><td>विद्यार्थी संख्या</td></tr><tr><td>३० वटा विद्यालय</td><td>१९८</td><td>१४४</td><td>५४</td><td>२७४४</td></tr></table>यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।<br>· स्थानीय तह मातहतमा रहेका ३० विद्यालय रहेका छन् । दरवन्दी नभएका विद्यालयहरुमा करार, राहत दरवन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पद्पुर्ति गरी पठन पाठनको व्यवस्था मिलाएको छ ।<br>· ३० विद्यालयमा १९८ शिक्षक दरबन्दी रहेकोमा १४४ पदमा स्थायी पदपुर्ती भएको,५४ जना करार तथा राहतमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।<br>विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । | |
| २६ | | | **प्रधानाध्यापक संचार र सहजकर्ता प्रोत्साहन खर्च**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं १.१.३.३ र १.१.३.४ बमोजिम माध्यामिक प्र.अ. भत्ता मासिक रु.५००, निम्नमाध्यमिक प्र.अ. भत्ता मासिक रु.३०० र प्राथमिक प्र.अ. भत्ता मासिक रु.200 का दरले संघीय हस्तान्तरित कार्यक्रमबाट उपलब्ध गराउने व्यवस्था छ । समानिकरण खर्च शिर्षकबाट गाउँपालिकामा रहेका २९ विद्यालयका प्रधानाध्यापक र बाल विकास सहजकर्ताहरुलाई प्रोत्साहन स्वरुप संचार खर्च उपलब्ध गराएको देखिन्छ । पालिकाले यस वर्ष माध्यामिक प्र अलाई मासिक रु.६००, नि.मा.वि. प्र.अ.लाई मासिक रु.४०० तथा प्रा.वि. प्र.अ.लाई रु.३०० संचार खर्च साथै बाल विकास सहजकर्ताहरुका लागि मासिक रु.६०० का दरले प्रोत्साहन रकम गरी वर्षभरीमा कुल रु.७२५१०० खर्च गरेको देखिन्छ । यस आवमा कोभिडका कारण विद्यालय अधिकांश समय बन्द रहेको, पालिकाको आन्तरिक आम्दानी प्रयाप्त नभएको र संघीय समानिकरण अनुदान मार्फत प्राप्त रकम पुँजी निर्माण र दीर्घकालिन लाभ हासिल गर्नेतर्फ उपयोग गर्नुपर्नेमा बजेटमा व्यवस्था गरी वितरणमुखि कार्य अबलम्बन गरेको देखिएकाले पालिकालाई थप व्ययभार पर्ने देखिएको रु. | ७२५,१०० |
| २७ | | | **सेनेटरी प्याड खरिद**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले शिलबन्दीबाट ६८९८ प्याकेट सेनिटरीप्याड खरिद गरी शनिदेव सप्लायर्स प्रा. लि.लाई गो.भौ.नं.८९।०७८।२।२५ बाट रु.४७५९४६ भुक्तानी गरेको छ । छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।साथै सेनेटरी प्याड विद्यालयलाई छात्रा विद्यार्थीको आधारमा वितरण गर्नुपर्नेमा ६१८ प्याकेट पालिकामा मौज्दात रहेको देखिएकाले विद्यालयलाई वितरण गरेको वितरण भरपाई पेश गर्नुपर्ने रु. | ४२,६४२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>
कोभिड रोकथाम तथा खर्च विवरणः<br>
आ=व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्न रहेको छ।
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम</th><th>खर्च शिर्षक</th><th>रकम</th></tr>
<tr><td>अ ल्या</td><td>१२७६३८३३</td><td>आर्थिक सहायता</td><td>१११८६००</td></tr>
<tr><td>नेपाल सरकार सहयोग</td><td>१००००००</td><td>औषधि खरिद</td><td>३२५६९८</td></tr>
<tr><td>विभिन्न व्यक्ति तथा संस्थाहरुबाट प्राप्त सहयोग रकम</td><td>४६४२८१</td><td>कोभिड भत्ता</td><td>२४०७५१६</td></tr>
<tr><td></td><td></td><td>क्वारेन्टिन व्यवस्थापन</td><td>१४८९४११</td></tr>
<tr><td></td><td></td><td>खुदी खोला पुल मर्मत खर्च</td><td>१२२०४६</td></tr>
<tr><td></td><td></td><td>स्टाफ नर्स तलब</td><td>३०७२६६</td></tr>
<tr><td></td><td></td><td>विविध</td><td>४३०८५०</td></tr>
<tr><td></td><td></td><td>सामान खरिद</td><td>२०१५४७१</td></tr>
<tr><td></td><td></td><td>बाँकि रकम</td><td>६०११२५६</td></tr>
<tr><td>जम्मा</td><td>१४२२८११४</td><td>जम्मा</td><td>१४२२८११४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
पेश्की बाँकी<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु
<table>
<tr><th>मिति</th><th>पेश्की लिने व्यक्ति/फर्म/कम्पनी</th><th>वापत</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>२०७८।२।१०</td><td>विर्दिखोला असारे कुलो उपभोक्ता समिति</td><td>कुलो निर्माण</td><td></td><td>१५००००</td></tr>
<tr><td>२०७८।३।२९</td><td>श्री रामकोट माध्यमिक विद्यालय</td><td>विद्यालय भवन निर्माण</td><td></td><td>६०९३८८०</td></tr>
<tr><td>२०७८।३।३०</td><td>वर्ल्ड लिंक कम्युनिकेशन्स लि.</td><td>संचार</td><td></td><td>३०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>६५४३८८०</td></tr>
</table>
</td><td>६,५४३,८८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **घर बहाल कर**<br>आर्थिक ऐन, २०७७ बमोजिम घरधनिले वहालमा लगाएको संझौतामा उल्लेख गरेको रकमको १० प्रतिशत वा सभावाट निर्धारित न्युनतम तोकिएको रकममा जुन वढी हुन्छ वढी रकमको आधारमा वहालकर लगाइने उल्लेख छ। कार्यालयले वहाल कर वुझाउन आउने करदाता वाहेक अन्यलाइ करको दायरामा ल्याएको छैन भने ल्याउन प्रयास समेत गरेको देखिदैन। अनिवार्य रुपमा तिर्नुपर्ने कर्पोरेट करदाताहरुवाट प्राप्त भएको घरवहाल रकम मात्र घरधनीहरुले तिर्ने गरेको अवस्था छ। तिर्नुपर्ने कति हो सो को अभिलेख कार्यालयले राख्नुपर्ने देखिन्छ ।यस वर्ष पालिकाले घर बहाल कर रु.९३ हजार ५ सय उठेको रेकर्ड पेश गरेको छ । पालिकाले वहालकरलाई व्यवस्थित गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ । | |
| ३१ | | | **व्यावसाय कर**<br>स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा पालिकाले राजस्व सफ्टवेयर प्रणाली लागू गरेको छैन । त्यसैगरी पालकामा हालसम्म कुनै व्यवसाय कर दाखिला भएको देखिएन । पालिकाले व्यवसाय संचालन गरेका फर्म वा व्यसायको लगत राख्ने, पालिका भित्रका व्यवसायको दर्ता नविकरण गर्ने र राजस्व सफ्टवेयर प्रणाली समेत लागू गरी व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |
| ३२ | | | **राजस्व अनुमान र असुली**<br>पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू.३१४०४६८८ करोड राजस्व संकलन हुने अनुमान गरेकोमा पालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्ष रू.१०१५१७३३।१७ संकलन भएको देखिन्छ । पालिकाले गरेको अनुमानको तुलनामा३२.३२ प्रतिशतमात्र राजस्व आम्दानी भएको देखिन्छ । पालिकाले शिर्षकगत आम्दानी अभिलेख नराखेको कारण शिर्षगत अनुमान तथा प्राप्तीको अवस्था विश्लेषण गर्न सकिएन् । तसर्थ पालिकाले आयको शिर्षकगत अभिलेख राख्ने तथा असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनुपर्दछ। | |
| ३३ | | | **आय ठेक्का नलागेको**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाभित्र पर्ने देहाय बमोजिमको बगर वातावरणिय प्रभाव मूल्याङ्कनमा उत्खनन गर्न सकिने व्यवस्था गरेतापनि पालिकाले आय ठेक्काको लागि सूचना निकालेको देखिएन । साथै पालिकाले अमानतबाट संकलन तथा उत्खनन गर्ने तर्फ ध्यान दिनुपर्नेमा सो गरेको पाइएन । जसले गर्दा पालिकालाई मू.अ. कर बाहेक रु. ५७४४१६३.८० को १३ प्रतिशत मु.अ. कर समेत रु.६४९०९०५ ले कम आन्तरिक राजस्व संकलन भएको देखिन्छ । पालिकाले घाटको उपयोग गरी आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्छ । | |

| क्र सं | घाटको नाम | बार्षिक उत्खनन गर्न सकिने घन मिटर | प्रति घन मिटर प्राप्त हुने दर | अनुमानित राजस्व रकम मु अ कर बाहेक |
|---|---|---|---|---|
| १ | माझवेसी २ | ३९३७.५ | २४७.०१३ | ९७२६१३.६८ |
| २ | कुनाको मुख | ३६०० | २४७.०१३ | ८८९२४६.८० |
| ३ | अँधेरी दोभान | ७१४० | २४७.०१३ | १७६३६७२.८२ |
| ४ | पिप्ले | १५५७ | २४७.०१३ | ३८४५९९.२४ |
| ५ | भोते गाउँ | ७०२० | २४७.०१३ | १७३४०३१.२६ |
| | जम्मा | | | ५७४४१६३.८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>

**बढी राजस्व छुट**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्न निर्माण व्यवसायीसँग आव सम्झौता भएको मितिमा सबै किस्ता बुझाउने गरी आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, वालुवा उत्खननको ठेक्का सम्झौता गरी राजस्व संकलन गरेकोमा देहायका निर्माण व्यवसायीलाई सम्झौता रकम एकमुष्ट बुझाएबापत सम्झौता रकममा १० प्रतिशत छुट दिनेगरी व्यवस्था गरी छुट दिएको पाइयो । पालिकाले प्रदेश सरकारबाट तोकेको दरका आधारमा न्यूनतम रकम निर्धारण गर्ने हुँदा न्यूनतम भन्दा माथिको रकममा मात्र छुट दिनुपर्नेमा सबै कबोल अंकमा छुट दिएकाले बढी छुट दिएको रकम रु.३८०००० को १३ प्रतिशतले हुने रु.४२९४०० रकम असुल गर्नुपर्ने देखिएको रु.

<table>
<tr><th>घाटको नाम/ ठेक्का नं</th><th>वडा नं</th><th>निर्माण व्यवसायी</th><th>न्यूनतम मूल्याङ्कन रकम</th><th>सम्झौता रकम मू अ कर बाहेक</th><th>हुनुपर्ने छुट</th><th>भएको छुट</th><th>बढी छुट</th></tr>
<tr><td>01/RRM/GHAT/077-78</td><td>१</td><td>घर्ति निर्माण सेवा</td><td>७०००००</td><td>१२२२०००</td><td>५२२००</td><td>१२२२००</td><td>७००००</td></tr>
<tr><td>मादी नदी02/RRM/GHAT/077-78</td><td>३</td><td>वि एस कन्सट्रक्शन</td><td>२१०००००</td><td>२१०६०००</td><td>६००</td><td>२१०६००</td><td>२१००००</td></tr>
<tr><td>03/RRM/GHAT/077-78</td><td>७</td><td>घर्ति निर्माण सेवा</td><td>५०००००</td><td>८९००००</td><td>३९०००</td><td>८९०००</td><td>५००००</td></tr>
<tr><td>वृद्धि खोला 04/RRM/GHAT/077-78</td><td></td><td>घर्ति निर्माण सेवा</td><td>५०००००</td><td>५१५०००</td><td>१५००</td><td>५१५००</td><td>५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>३८००००</td></tr>
</table>

</td><td>४२९,४००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>

**भवन नक्सा पास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमतिको व्यवस्थित अभिलेख राखेको देखिएन । गाँउपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>

**राजस्व रकम समयमा दाखिला नभएकोः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोवार गर्ने बैंकमा सोही दिन वा कावु बाहिरको परिस्थिति परी सोही दिन दखिला हुन नसकेमा सोको भोलीपल्ट संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाका सातै वडा बाट प्राप्त हुने भूमिकर, नक्सापास दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर लगाएतका शिर्षकहरुबाट संकलित रु २८ लाख ८९ हजार समयमा दाखिला नगरी संकलन भएको लामो सयम पश्चात मात्र दाखिला भएको पाइयो।वडागत राजस्व परीक्षणको क्रममा दुई वटा वडाको राजस्व संकलन र दाखिला विवरण देहाय बमोजिम रहेको छ।

<table>
<tr><th>वडा नं</th><th>महिना</th><th>संकलन रकम</th><th>दाखिला रकम</th><th>दाखिला मिति</th></tr>
<tr><td>५</td><td>श्रावण,</td><td>४२२४९</td><td>४२२४९</td><td>२०७७।५।१५</td></tr>
<tr><td></td><td>भदौ,</td><td>२२८६९</td><td>२२८६९</td><td>२०७७।६।७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | असोज, | ३८७९२ | ३८७९२ | २०७७।७।६ | |
| | | | | | कात्तिक | ३९९४२ | ३९९४२ | संचित कोषमा दाखिला भएको | |
| | | | | | मंसिर | ३५४१३ | ३५४१३ | २०७७।९।३ | |
| | | | | | पुस | ५७९५५ | ५७९५५ | २०७७।१०।७ | |
| | | | | | माघ | ९५५०५ | ९५५०५ | २०७७।११।९ | |
| | | | | | फागुन | ९५५०८ | ९५५०८ | २०७७।१२।६ | |
| | | | | | चैत, | ८२४३२ | ८२४३२ | २०७८।१।६ | |
| | | | | | बैशाख, | ३२५८४ | ३२५८४ | २०७८।२।१६ | |
| | | | | | जेठ | ७२८३ | ७२८३ | २०७८।३।९ | |
| | | | | | असार | २९१३४ | २९१३४ | २०७८।३।३१ | |
| | | | | **जम्मा** | | **५७९६६६** | **५७९६६६** | | |
| | | | | ६ | श्रावण, | ७३०५, | ७३०५, | २०७७।४।७, | |
| | | | | | भदौ,<br>असोज, कात्तिक<br>मंसिर | ५८०८०, ७९१०४ | ५८०८०, ७९१०४ | २०७७।६।६,<br>२०७७।८।११ | |
| | | | | | मंसिर, पुस, माघ, | ८६७५५, ७६१६०, १००९१५ | ८६७५५, ७६१६०, १००९१५ | २०७७।१०।६, २०७७।१०।१०, २०७७।११।१० | |
| | | | | | फागुन,<br>चैत<br>बैशाख,<br>जेठ,<br>असार | ९७७३५, ८९६२५, ४८९२०, २६७५५, २४३१५, ३५२१३, ७९७७,<br>१४८८ | ९७७३५, ८९६२५, ४८९२०, २६७५५, २४३१५, ३५२१३, ७९७७,<br>१४८८ | २०७७।१२।११, २०७८।१।१३,<br>२०७८।३।१,<br>२०७८।३।२४,<br>२०७८।३।३१ | |
| | | | | **जम्मा** | | **७४०३४७** | **७४०३४७** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यसरी वडाबाट नगदी रसिद मालपोत रसिदबाट संकलित रकम समयमा दाखिला नभई लगभग मासिक रुपमा मात्र बैंक दाखिला भएको पाइयो ।उक्त संकलित रकम समयमा दाखिला नहुँदा आम्दानीको समयमा प्रतिवेदन प्राप्त नहुने तथा दुरुपयोग समेत हुन सक्ने भएकोले पालिकाले संकलित रकमलाई सयममै दाखिला गर्ने तर्फ ध्यान दिनु पर्दछ। | |
| ३७ | ४०२ | २०७८-३-२० | **खर्चको प्रमाण पेश नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्चको प्रमाण सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । भौचर नं 402।०७८।३।२० बाट गाउँपालकाबाट संचालित रुपाकोट अस्पताललाई रु. ५ लाख एकमुष्ट अनुदान निकासा भएको देखिन्छ । अस्पताल व्यवस्थापनका लागि भौचर नं.४०१।०७८।३।२० बाट रु.२२२४९४ विल भरपाई बमोजिम खर्च लगेको देखिन्छ । अन्य विभिन्न भौचरबाट समेत अस्पताल व्यवस्थापनका लागि रकम निकासा भएको देखिन्छ । तसर्थ उक्त एकमुष्ट निकासा भएको रकम खर्च गर्ने आधार र प्रमाण पेश गर्ने अन्यथा उक्त रकम फिर्ता गर्नुपर्ने देखिएको रु. | ५००,००० |
| ३८ | ३१९ | २०७८-२-९ | **माक्स वितरण नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्चको प्रमाण सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । भौचर नं ३१९।०७८।२।९ बाट बेवील्याण्ड इन्टरनेशनल कम्पनी प्रा लि बाट ५६०० थान माक्स रु.१९६००० विद्यालयहरुका लागि खरिद गरेकोमा पालिकाबाट विद्यालयहरुमा वितरण नभई मौज्दात रहेको देखिएकाले उक्त मास्क वितरण गरेको वितरण भरपाई पेश गर्नुपर्ने रु. | १९६,००० |
| ३९ | २३२ | २०७८-३-२९ | **प्रोभिजनल समको विल पेश नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ वमोजिम खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ । त्यसैगरी निर्माण कार्यमा प्रोभिजनल सममा राखेको रकमको विल पेश गरी बिल बमोजिमको रकम ठेकेदारले भुक्तानी लागे व्यवस्था रहेको हुन्छ । रामकोट माध्यामिक विद्यालयको नमूना विद्यालयकको काम शुभारम्भ समृद्धि रुपा जेभी बाट गराएकोमा बिमा बापतको रकम रु.११०००० प्रोभिजनल सममा देखिन्छ । तर विद्यालयको रकम भुक्तानी गर्दा भौचर नं २३२।०७८।३।२९ मा रु.१९४०६९५।६७ को भुक्तानी भएकोमा रु.११०००० समेत समावेश भएको देखिन्छ । निज ठेकेदारले उक्त भौचरमा रु.३६९६८।९३ बराबर रकमको मात्र विल पेश गरेको तर भुक्तानी सबै रकमको लगेको देखिएकाले बाँकी रु.७३०३१ को बिमाको सक्कल विल पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ७३,०३१ |
| ४० | | | **फिर्ता गरेको प्रमाण पेश गर्नुपर्नेः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।पालिकाले भौ. नं. २४८ मिति २०७८।३।३० बाट संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट रुपाकोट अस्पतालमा कार्यरत २ जना मेडिकल अधिकृतहरुलाइ अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम २०७७ माघदेखि २०७८ असार सम्मको भत्ता रु ७००० को दरले रु ८४००० भुक्तानी गरेको छ ।निर्णय बमोजिमको उक्त भत्ता पालिकाले आफ्नो आन्तरिक स्रोतबाट खर्च गर्नुपर्नेमा शसर्ततर्फको कार्यक्रमबाट गरेकोले उक्त रकम शसर्ततर्फ फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु | ८४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **औषधि खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले यस बर्ष ठेक्का नं Procurement supply and delivery of essential medicine and surgical accessories for rupa rural municipality contract if 8/Rupa/SQ/Goods/2077/078 बाट चिराग सप्लायर्स पोखरासँग रु १०,५३,८७७।८१बराबरको औषधि वोलपत्रको माध्यमबाट खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>आआपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्नेमा सो नभेटिएको,<br>·आआर्थिक बर्षको अन्ततिर पालिकामा मौज्दात रहेकै औषधिहरु समेत जिल्ला स्वास्थ्य कार्यालयबाट ठूलो परिणाममा औषधिहरु पालिकामा हस्तान्तरण भएको देखिएकोमा सो औषधि पालिकाबाट समेत खरिद भएकोले दोहोरो परेकोले सो सम्बन्धमा सम्बन्धित निकाय जिम्मेवार हुनुपर्ने,<br>· रुपाकोट अस्पतालबाट समेत कोरोना नियन्त्रणको लागी विभिन्न प्रकारका औषधिहरु खरिद भएकोमा पालिकाको मूल जिन्सि किताबबाट एकमुष्ठ दाखिला भइ हस्तान्तरण भएकोले आवको अन्तमा अस्पतालमा मौज्दात रहेको औषधिको एकिन विवरण प्राप्त नभएको,<br>· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनुपर्नेमा स्वास्थ्य संस्थाहरुलाइ एकमुष्ट रुपमा पठाउने गरेकोमा आर्थिक बर्षको अन्तमा स्वास्थ्य संस्थामा के कति औषधि मौज्दात रहेको छ सो समेत एकत्रित गरी बार्षिक विवरण तयार नगरेको,<br>तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>पारिश्रमिक कर कट्टी नगरेकोः<br>आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारवाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकामा कार्यरत निम्न कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु...
<table>
<tr><th>क्र।सं।</th><th>नाम थर</th><th>वार्षिक आय</th><th>कट्टी रकम</th><th>करयोग्य आय</th><th>तिर्नुपर्ने कर</th><th>तिरेको कर</th><th>नपुग कर</th></tr>
<tr><td>१</td><td>रामचन्द्र ओझा</td><td>६६९१३८</td><td>१८८१३६</td><td>४८१००२</td><td>७६००</td><td>४५००</td><td>३१००</td></tr>
<tr><td>२</td><td>रविन कुमार श्रेष्ठ</td><td>६८६१७८</td><td>११९०१६</td><td>५६७१६२</td><td>१७९३२</td><td>४५००</td><td>१३४३२</td></tr>
<tr><td>३</td><td>बद्रीनाथ सुवेदी</td><td>७०३२१८</td><td>१२१८९६</td><td>५८१३२२</td><td>२०७६४</td><td>४५००</td><td>१६२६४</td></tr>
<tr><td>४</td><td>आनन्दलाल जोसी</td><td>७२०२५८</td><td>१२४७७६</td><td>५९५४८२</td><td>२३५९६</td><td>४५००</td><td>१९०९६</td></tr>
<tr><td>५</td><td>राधा सुवेदी</td><td>७०३२१८</td><td>१२१८९६</td><td>५८१३२२</td><td>२०७६४</td><td>४५००</td><td>१६२६४</td></tr>
<tr><td>६</td><td>मिना कुमारी पौडेल</td><td>६३५०५८</td><td>११०३७६</td><td>५२४६८२</td><td>११९६८</td><td>४५००</td><td>७४६८</td></tr>
<tr><td>७</td><td>वेचन शाह</td><td>६६९१३८</td><td>११६१३६</td><td>५५३००२</td><td>१४५००</td><td>४९९२</td><td>९५०८</td></tr>
<tr><td>८</td><td>सरद आचार्य</td><td>६६९१३८</td><td>११६१३६</td><td>५५३००२</td><td>१४५००</td><td>४९९२</td><td>९५०८</td></tr>
<tr><td>९</td><td>दामोदर अधिकारी</td><td>७०३२१८</td><td>१२१८९६</td><td>५८१३२२</td><td>२०७६४</td><td>४५००</td><td>१६२६४</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>११०९०४</td></tr>
</table></td><td>११०,९०४</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>थप व्ययभार परेकोः<br>भौ।नं।८२ मिति २०७८।३।९ बाट मिति २०७७।५।३१ गते बसेको कास्की जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएको निर्णयबमोजिम पोखरा महानगरपालिका वडा नं ३२ र रुपा गाउँपालिका जाने बाटोमा पर्ने सातमुहाने स्थित खुदी खोलामाथि बनेको पुल संरक्षणका लागि निर्णय को बुँदा नं क मा १०० घनमिटर ढुङ्गाको खर्च पोखरा महानगरपालिकाले व्यहोर्ने र निर्णयको बुँदा नं ख मा १०० घनमिटर बाहेक आवश्यक पर्ने ढुङ्गा को खर्चमात्र रुपा गाउँपालिकाले व्यहोर्ने उल्लेख छ । त्यसैगरी उक्त पुल मर्मतको कार्यसम्पन्न प्रतिवेदन अनुसार केवल ७० घनमिटर मात्र ढुङ्गा को काम भएको देखिएकोले निर्णय बमोजिम उक्त खर्च व्यहोर्नु नपर्नेमा पालिकाले ३६.५ घनमिटर ढुङ्गाको रु १७०० को दरले भ्याट सहित रु ७०११६.५ एम।इ।जी कन्स्ट्रक्सन प्रा।लि लाई भुक्तानी गरेको देखिन्छ। यसरी जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबमोजिम उक्त खर्च पोखरा महानगरपालिकाले नै व्यहोर्नुपर्नेमा पालिकाले आफ्नै निर्णय विपरीत गरेको भुक्तानीले पालिकालाई थप व्ययभार परेको रु</td><td>७०,११६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। पालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गोरेटो बाटो निर्माण बाटो सरसफाई सिढी निर्माण, नाली सरसफाई गारो लगाउने लगायतका कार्यमा यस आ.व रु= ६१ लाख ४६ हजार खर्च गरी दर्ता भएका ७५० मध्येबाट २७० जनालाई प्रत्यक्ष रुपमा रोजगारी प्रदान गरेको देखिन्छ।प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ।पालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन।वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन ।आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन।कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **कृषि,पशु तर्फ अनुदानः**<br>सरकारी अनुदान रकम वितरण,सहयोग सही एवम समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवम् अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारी मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवम उत्पादकत्व वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन तयार गर्नुका साथै अनुदान वितरण गर्दा जग्गाको स्वामित्व, प्रभावकारीताको विश्लेषण गरी मात्र वितरण गर्नु पर्दछ ।यस वर्ष पालिकाबाट संचालित व्यक्तिगत समुहगत अनुदानका मुख्य कार्यक्रमहरु देहाय वमोजिम छन्<br><table><tr><td>गो.भौ.नं</td><td>विवरण</td><td>अनुदान खर्च रकम</td></tr><tr><td>१६०।२०७८।३।२४</td><td>प्रगतिशील कृषक समुहलाई भैंसी प्रवर्द्धन कार्यक्रमका लागि अनुदान</td><td>५१६०००</td></tr><tr><td>१६१।२०७८।३।२४</td><td>उज्वल पशु तथा कृषक समुहलाई अनुदान</td><td>५४००००</td></tr><tr><td>१६३।२०७८।३।२४</td><td>शितलादेवी बाख्रा पालन समुहलाई अनुदान</td><td>१४५५००</td></tr><tr><td>१६४।२०७८।३।२४</td><td>सुन्दरी कुना कृषक समुहलाई बाख्रा पालनका लागि अनुदान</td><td>१४८१००</td></tr><tr><td>१६५।२०७८।३।२४</td><td>मिलिजुली कृषि तथा पशुपंक्षी कृषक समुहलाई अनुदान रकम</td><td>१४६०००</td></tr><tr><td>१६७।२०७८।३।२४</td><td>फैचोक पशुपंक्षी तथा कृषक समुहलाई बाख्रा पालनका लागि अनुदान</td><td>१२५०९५</td></tr><tr><td>१६७।२०७८।३।२४</td><td>मोहरिया अर्गानिक कृषक समुहलाई अनुदान</td><td>१४२८२५</td></tr><tr><td>१६८।२०७८।३।२४</td><td>आदर्श एकीकृत कृषक समुहलाई बाख्रा पकेट संचालनका लागि अनुदान</td><td>१४६२५००</td></tr><tr><td>१९७।२०७८।३।२४</td><td>रुपा माछापालक कृषक समुहलाई माछा पकेट संचालनका लागि अनुदान</td><td>१४६२५००</td></tr><tr><td></td><td>एक वडा एक नर्सरी कार्यक्रम अन्तर्गत सगरमाथा एकीकृत समुह र नव रुपा कृषि उपज समुहलाई अनुदान</td><td>४२३०००</td></tr></table>यसबाट देखिएको व्यहोराहरु यसप्रकार छन् (क) अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा स्थानीय तहवाट अनुगमन भएतापनि अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । संचालित कार्यक्रमको कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवद्धन केन्द्र,कृषि विभाग तथा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयवाट समेत अनुगमन तथा मुल्याङकन कार्य हुने उल्लेख भएकोमा अनुगमन तथा मुल्याङकन भएको पाइएन ।अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको प्रतिफल प्राप्त नहुने र उत्पादकत्वमा समेत वृद्धि नहुने खालका स साना कार्यक्रममा अनुदान वितरण नगरी दिगो प्रतिफल दिने तथा उत्पादकत्व बृद्धि हुने ठुला अनुदानका कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा लक्षित समुहले प्राप्त गर्ने र कृषि पेशालाई व्यावसायिक बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो( संघ,प्रदेश, स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ । ( ख) कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानको कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले कृषि क्षेत्र तथा पशुक्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखियो ।एक सरकारले ल्याएका नीतिलाई अर्को सरकारले सहयोग गर्नेगरी कार्यक्रम संचालन गर्नु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>बढी भुक्तानीः<br>कार्य सञ्चालन निर्देशिका २०७७ आठौ संस्करण अनुसार गाउँपालिकास्तरी तालिम कार्यक्रम संचालन गर्दा एक जना संयोजकलाई कार्यक्रमको प्रतिवेदन बुझाएपछि अधिकतम १५ कार्यदिनसम्म प्रतिदिन रु ३०० का दरले र १५ कार्यदिनपछि प्रतिदिन रु १५० का दरले थप संयोजक भत्ता दिन सकिने व्यवस्था छ ।त्यसैगरी पालिकाले पालिकाबाट संचालित तालिम तथा कार्यक्रममा जति दिनको तालिम वा कार्यक्रम छ त्यति नै दिनको संयोजक भत्ता रु १००० का दरले उपलब्ध गराएको देखिन्छ ।यसरी मापदण्ड विपरीतको बढी भुक्तानी सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि।नं।</th><th>नाम थर</th><th>जम्मा दिन</th><th>भएको दर</th><th>जम्मा भुक्तानी कर कट्टी पछि</th><th>हुनुपर्ने दर</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>७९।२०७८।२।११</td><td>अजय चौधरी</td><td>८</td><td>१०००</td><td>६८००</td><td>३००</td><td>२४००</td><td>४४००</td></tr>
<tr><td>१३८।२०७८।३।२१</td><td>संजय दत्त ढकाल</td><td>५</td><td>१०००</td><td>४२५०</td><td>३००</td><td>१५००</td><td>२७५०</td></tr>
<tr><td>२१२।२०७८।३।२८</td><td>माइती चौधरी</td><td>३</td><td>१०००</td><td>२५५०</td><td>३००</td><td>९००</td><td>१६५०</td></tr>
<tr><td>२१७।२०७८।३।२८</td><td>संजय दत्त ढकाल</td><td>७</td><td>१०००</td><td>५९५०</td><td>३००</td><td>२१००</td><td>३८५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१२६५०</td></tr>
</table></td><td>१२,६५०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>पाइप खरिद तथा वितरण<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतमा प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । पालिकाले इ विडिङको माध्यमवाट विभिन्न साइजका पाइप ५०७०० रनिङ मिटर नेपाल प्लाष्टिक प्रा लि वाट खरिद गरी विभिन्न मितिमा २५४ जनालाई ४६४७५ रनिङ मिटर पाइप वितरण गरेकोमा उक्त पाइपहरुको के कति कहाँ प्रयोग भएको हो सो सम्वन्धमा प्राविधिक मुल्याङकन तथा अनुगमन समेत भएको नदेखिएकोले उक्त पाइपको सही सदुपयोग भए नभएको सम्वन्धमा पालिकावाट अनुगमन हुनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाख देखि २० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य, माल सामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपूर्ती गर्ने गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु.

<table>
<tr><th>भौ.नं</th><th>खरिद विवरण</th><th>भुक्तानी पाउने</th><th>खरिद रकम</th></tr>
<tr><td>१३७।०७७।६।२६</td><td>कार्यालय सामाग्री छपाई</td><td>जनकल्याण अफसेट प्रेस</td><td>१२३०८५</td></tr>
<tr><td>४११।०७८।३।२१</td><td>शैक्षिक सामाग्री खरिद</td><td>पाण्डे एजुकेशनल गुड्स सप्लायर्स प्रा लि</td><td>४९०४२०</td></tr>
<tr><td>३२२।०७८।२।११</td><td>कार्यालय सामाग्री छपाई</td><td>गोर्खाली अफसेट प्रेस</td><td>२०९०९८</td></tr>
<tr><td>१२६। ०७७।७।४</td><td>योजना किताब छपाई</td><td>सिग्देल अफसेट प्रेस</td><td>१६०३४७</td></tr>
<tr><td>१८१।०७७।११।११</td><td>कार्यालय सामाग्री छपाई</td><td>गोर्खाली अफसेट प्रेस</td><td>२९९८४५</td></tr>
<tr><td>३२०।०७८।२।९</td><td>रुपाको संगालो छपाई</td><td>आदर्श अफसेट प्रेस</td><td>४९७७६९</td></tr>
<tr><td></td><td></td><td></td><td>१७८०५६४</td></tr>
</table>

</td><td>१,७८०,५६४</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**परामर्श सेवाको कार्य उपभोक्ता समितिवाट गराएको**

सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उधेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७( १०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यावसायी वा सव कन्ट्र्याक्टरवाट गराउन सकिने छैन भनि उल्लेख छ । पालिकाले गाँउपालिकास्तरीय खेलकुद मैदान निर्माणको डीपिआर तयारीको लागि उपभोक्ता समिति संग सम्झौता गरी कार्य गराएको र उपभोक्ता समितिले पुन परामर्श दाता अल्टरनेटिभ इन्जिनियरिङ कन्सल्टेन्सी मार्फत कार्य गराइ गोश्वारा भौचर नम्वर ५८।०७७।८।३० वाट खर्च लेखिएको रु. १३५२६०।०० अनियमित देखिएको रु.

</td><td>१३५,२६०</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>

**थप कार्यलाई लागत अनुमानमा समावेश नगरी खरिद कार्य गरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान सम्वन्धी व्यवस्था गरिएको छ।सोहि व्यवस्थाअनुसार कार्यालयले आवश्यक परिमाण एकिन गरी लागत अनुमान तयार गरी सामाग्री खरिद गर्नुपर्नेमा पालिकाले 2.0 m*1.0m*1.0m( Mesh type 10*12,Wire diameter 3mm,selvdge wire diameter 3.90mm,lacing diameter2.40mm Heavy Zink coated जाली १४१९ वर्ग मिटर जिल्ला दररेट रु २७०।०० मा १५ प्रतिशत ओभरहेड जोडी प्रति वर्ग मिटर रु.३१०।५० का दरले ४४०५९९।५० मुल्य अभिवृद्धि कर वाहेकको लागत अनुमान स्वीकृत गरेको देखियो । स्वीकृत लागत अनुमान अनुसार १४१९ वर्ग मिटर जाली खरिद गर्ने गरी लागत अनुमान स्वीकृत भई सम्झौता भएकोमा लागत अनुमान स्वीकृत नगरी थप २२० वर्ग मिटर जाली समेत १६३९ वर्ग मिटर जाली खरिद गरी प्रति वर्ग मिटर रु.३०५।१० का रु. ५०००००।००मुस्ताङ जिवाइ वायर इण्डस्ट्रिज एण्ड सप्लायर्सलाई भुक्तानी भएकोले छ ।थप परिमाणलाई लागत अनुमानमा समावेस गर्दा मु.अ. कर वाहेकको रु. ५०८९०९।०० को लागत अनुमान हुने देखिन्छ । सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ८५ मा रु.५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यवाट खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकले थप परिमाण लाई लागत अनुमानमा समावेस नगरी रु.५लाख भन्दा घटिको लागत अनुमान वनाई ग्याविन जाली खरिद गरेको देखिएकोले प्रतिस्पर्धा सिमित हुने गरी गरेको खरिद कार्य अनियमित देखिएको रु.

</td><td>५००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td>२०६</td><td>२०७८-३-१६</td><td>मु.अ.कर अशुल गर्नु पर्ने<br>मुल्य अभिवृद्धि कर ऐन,२०५२ तथा नियमावली, २०५३ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गर्ने फर्म ले मात्र मुल्य अभिवृद्धि कर विजक जारी गरेको आधारमा मुल्य अभिवृद्धि कर भुक्तानी लिन पाउने व्यवस्था छ । शहिदको प्रतिमा वनाउनको लागि मुल्य अभिवृद्धि कर रु.३१११६।०० समेत रु.२७४८१६।०० को लागत अनुमान स्वीकृत भएकोमा उक्त कार्य वापत पालिकाले भुगोल आर्ट पोखरालाई गोश्वारा भौचर नम्वर २०६।०७८।३।१६ वाट रु.२७४०००।०० भुक्तानी दिएकोमा उक्त फर्म मुल्य अभिवृद्धि करमा दर्ता भएको नदेखिएको र ६०३३४५८२३ स्थायी लेखा नम्वर को विजक जारी गरेकोले लागत अनुमानमा समावेस भएको मु.अ. कर वापत भुक्तानी भएको रु.३१११६।०० असूल गर्नुपर्ने रु.</td><td>३१,११६</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>परामर्श खर्च<br>परामर्श खर्च :सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(१) मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म सस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था भएकोमा पालिकामा कार्यरत जनशक्तिवाट काम हुन सक्ने नसक्ने सम्वन्धमा कुनै स्पष्ट नगरी निम्नानुसारको गोश्वारा भौचर नम्वर र मितिवाट देहायको कार्यवापत रु ६३२२५९।०० खर्च लेखेकोमा पालिकाको प्राविधिकवाट कार्यहुन सक्ने नसक्ने सम्वन्धमा स्पष्ट नगरी परामर्श खर्च लेखेको छ । पालिकमा कार्यरत प्राविधिकवाट हुन सक्ने नसक्ने स्पष्ट गरी एकै प्रकृतिको कार्यलाई एउटै प्याकेज वनाई प्रतिस्पर्धाको माध्यमवाट परामर्शको कार्य गराउनु पर्दछ ।
<table>
<tr><th>गो भा न र मिति</th><th>योजनाको नाम</th><th>परामर्शदाता</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>५८।०७७।८।३०</td><td>गाँउपालिका स्तरीय खेलकुद मैदान निर्माण उ स</td><td>अल्टरनेटिभ इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>१३५२६०</td><td>कार्यान्वियन भएको</td></tr>
<tr><td>३४५।०७८।३।३०</td><td>रुपा गाँउपालिकाको पर्यटन विकास सम्वन्धी गुरुयोजना</td><td>हेल्दी डिजाईन सोलुसन प्रा लि</td><td>४९६९९९</td><td>वजेटको कमिले गर्दा कार्यान्वयनमा नआएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६३२२५९</td><td></td></tr>
</table>
पालिकाले कार्यान्वयनमा आउन सक्ने योजनाको मात्र डिपिआर गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>संघ समपुरक अनुदान कार्यविधि विपरीत उपभोक्ता समितिवाट कार्य गराएको<br>नेपाल सरकार समपुरक अनुदान सम्वन्धी कार्यविधि ,२०७५ ( दोस्रो संशोधन ) २०७६ नियम ९ मा भएको समपुरक अनुदानको रकम खर्च गर्ने प्रकृयf उल्लेख गरेको छ । जस अनुसार प्रदेश वा स्थानीय तहले समपुरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/ कार्यक्रमको लागि अनुदान रकम प्राप्त भएको हो सो आयोजना / कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्ने र यसरी समपुरक अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना / कार्यक्रममा खर्च गर्न पाइने छैन भनि उल्लेख भएकोमा पालिकाले वडा नम्वर ४,५र ७ रामकोट रामादी मोटरवाटोको विभिन्न च्यानेजको निर्माण कार्य मिति २०७८।३।३० मा सम्पन्न गर्ने गरी २०७८।३।१६ मा सम्झौता गरी रामकोट रामादी मोटर बाटो निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई देहायको भौचर नम्वर र मितिवाट रु. ६३६०१९८।०० खर्च लेखेको छ ।यसरी निकै कम समयमा सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरी गराएको कार्य गुणस्तर युक्त छ भनि एकिन गर्न सकिएन साथै समपुरक अनुदान सम्वन्धी कार्यविधि विपरित उपभोक्ता समिति मार्फत कार्य गराई खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भा.न र मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>मुल्याङकन</th><th>खर्च रकम</th></tr>
<tr><td>३४६।०७८।३।३०</td><td>रामकोट रामादी मोटर वाटो निर्माण</td><td>५१९६९६४</td><td>३७७२१३०</td><td>३२६६२४९</td></tr>
<tr><td>३४७।२०७८।३।३०</td><td>रामकोट रामादी मोटर वाटो निर्माण</td><td>३९८६३३८</td><td>३५४३७७४</td><td>३०९३९४९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>६३६०१९८</td></tr>
</table></td><td>६,३६०,१९८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | २१२ | २०७८-२-१६ | **स्वीकृत जिल्ला दररेट भन्दा वढी दरले भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०( ४) सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दर रेट निर्धारण समितिले तोकेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले फालभञ्ज्याङ आँपुखोला मोटर वाटो योजनको लागि लागत अनुमान तयार गर्दा स्वीकृत जिल्ला दर रेट अनुसार साधारण चट्टान मेशिनद्धारा काट्ने कार्य प्रति घन मिटर मु अ कर समेत रु.१५१।४२ र मध्यम चट्टान काटने कार्य प्रति घन मिटर मु अ कर समेत रु २०२।२७ राखी लागत अनुमान तयार गर्नुपर्नेमा प्रतिघन मिटर क्रमश: रु ३१०।७५ र ८०९।०८ राखी लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी दिएको देखिएकोले साधारण चट्टान काट्ने कार्य प्रति घन मिटर रु.१५९।३३ ले १४४.३६ घन मिटरको रु २३०००।०० र मध्यम चट्टान काटने कार्य प्रति घन मिटर रु.६०६।८१ का दरले ५२.५९ घन मिटरको रु.३१९१२।०० समेत रु. ५४९१२।०० वढी भुक्तानी भएको देखिएकोले सम्वन्धित उपभोक्ता समितिवाट असूल गर्नुपर्ने रु. | ५४,९१४ |
| ५५ | | | **मुल्य अभिवृद्धि कर वढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत भएको कार्यमा उपभोक्ताले मुल्य अभिवृद्धि कर लाग्ने सामाग्री खरिद गर्दा तिरेको मुल्य अभिवृद्धि कर मात्र भुक्तानी दिनु पर्दछ। निम्नानुसारको योजनामा निम्न सामाग्री खरिदमा उपभोक्ताले खरिदमा तिरेको मुल्य अभिवृद्धि कर भन्दा वढी मुल्य अभिवृद्धि कर तिरेको देखिएकोले वढी भुक्तानी भएको मुल्य अभिवृद्धि कर अशूल गर्नुपर्ने रु | ७८,२२४ |

| गो भा न र मिति | योजनाको नाम | सामाग्री | विलमा तिरेको मु अ कर | भुक्तानी भएको मुल्य अभिवृद्धि कर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| ९१।०७७।११।४ | भिरचोक तालवेसी मोटरवाटो | मेशिनले खन्ने कार्य | ११५०४७ | १२८६३१ | १३५८५ |
| २९९।०७८।३।२७ | पृथ्वीरुपा मा.वि | सिमेन्ट | २५५७९ | ३७९१५ | १२३३६ |
| ३२७।०७८।३।२९ | शिवालय मा.वि | सिमेन्ट | २८१८३ | ३५९९९ | ७८८६ |
| २१७।०७८।३।१८ | छापडाडा खेल मैदान निर्माण | सिमेन्ट | २५७५ | १००७५ | ७५०० |
| १४।२०७८।३।२४ | पौवागुठी शौचालय निर्माण | सिमेन्ट | २५९५३ | ३६७७३ | १०८२० |
| १।०७८।३।२३ | कइवो धि गुरुङ तमु समाज निर्माण | इटा | ० | १२३०१ | १२३०१ |
| ३७।०७७।११।१२ | सालथुम्की झो पु निर्माण | सिमेन्ट | ८३९८ | २२१९४ | १३७९६ |
| जम्मा | | | | | ७८२२४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>हेभी इक्विपमेन्टको प्रयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरेकोमा नियमावलीको व्यवस्था वमोजिम सम्वन्धीत प्राविधिकको सिफारिस गराई गाँउ कार्यपालिलकाको कार्यालयवाट सहमति लिएको पाईएन ।यसरी उपभोक्ता समितिवाट उपकरण प्रयोग गरी काम गराउदा प्रतिस्पर्धा नहुने,कामको गुणस्तर नहुने , मेशिनकको प्रयोग गरी काम गराउदा रोजगारी श्रृजना नहुने अवस्था भएकोले यस तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गो भा न र मिति</th><th>योजनाको नाम</th><th>कुल मुल्याङकन</th><th>मेशिन प्रयोग गरि भएको खर्च</th><th>प्रयोग भएको हेभी मेशिन</th></tr>
<tr><td>९१।२०७७।११।४</td><td>तालवेसी भिरचोक मोटर वाटो</td><td>११९८७९८</td><td>१०१००२५</td><td>एक्साभेटर</td></tr>
<tr><td>२६८।०७८।३।२४</td><td>धामीगाँउ नयाँ ट्याक मोटरवाटो</td><td>४४६४४९</td><td>३८२०५७</td><td>व्याक्-हो लोडर</td></tr>
<tr><td>३००।०७८।३।२७</td><td>देउराली विमिरे दाहेगौडा मोटर वाटो</td><td>८१६७५१</td><td>६८६०१५</td><td>व्याक्-हो लोडर</td></tr>
<tr><td>३१३।०७८।३।२८</td><td>रामदी माउडाँडा खाल्टे मोटर वाटो</td><td>५२२३०५</td><td>४५२४९१</td><td>व्याक्-हो लोडर</td></tr>
<tr><td>८।०७८।३।२४</td><td>मर्ज्याङकोट माउडाडा सडक निर्माण</td><td>३१६३२५४</td><td>१३४२६८३</td><td>व्याक्-हो लोडर</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>कार्यालयको काम उपभोक्ता समितवाट गराएको<br>सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियजनाको मुख्य उदेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ ।पालिकाले गो.भा. न .क्रमश: ४६।२०७७।७।२१ र ४७।२०७७।८।४ वाट स्वास्थ्य चौकी भवन निर्माण वापत स्वाथ्य चौकी भवन निर्माण उपभोक्ता समितिलाई रु.७१००००।०० खर्च लेखेको छ । उपभोक्ता समिति मार्फत हुने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्य उपभोक्ता समिति मार्फत गरेको पाईयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी कार्य गराएको नियम सम्मत नदेखिएको रु.</td><td>७१०,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>लगत कट्टा विवरणः<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भएमा, बराईसराई गरेर गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा ५ वर्ष उमेर पुरा गरेमा, नवीकरण नगरेमा, कुनै लाभग्राहीले एक वर्षभित्र रकम नबुझेमा वा बैंक मार्फत भत्ता वितरण गर्दा लाभग्राहीको खाता निष्कृय रहेमा सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाभित्रका वडा कार्यालयहरुले लगत कट्टाको विवरण प्राप्त उपलब्ध नगराएकोले यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फः<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै गर्नुपर्ने परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ। सोही अनुसार गाउँपालिकाले लाभग्राहीहरुको नाम दर्ता, नवीकरण, व्यक्तिगत विवरण अद्यावधिक, लगत कट्टा गर्ने काम समयमै गर्नु आवश्यक देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>निष्कृय खाताः<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ दफा २६ (३) मा एक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहिको विवरण सेवा प्रदायक बैकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्रहीको सम्बन्धमा स्थानीय तहले आवश्यक छानवीन गरी कुनै लाभग्राहीको मृत्यु वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले अनुसूची ११ बमोजिमको ढाँचामा सेवा प्रदायक बैकबाट विवरण माग गरेको पाइएन । पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>संपरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्षको लेखापरीक्षणको क्रममा रु.३४०७५२२ सम्परीक्षणको लागि अनुरोध भई सोहि बमोजिमको रकम संपरीक्षण गरिएको छ ।
<table>
<tr><th>आ. व.</th><th>वेरुजु दफा</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="2">संपरीक्षण</th></tr>
<tr><th></th><th></th><th></th><th>संपरीक्षणका प्रमाण तथा आधार</th><th>फछ्यौंट रकम</th></tr>
<tr><td>२०७६।०७७</td><td>३४</td><td>गाउँपालिकाले कोभिड १९ का बिरामिहरुको राहतको लागि खरिद गरेको सामाग्री वितरण नगरी स्टोरमा मौज्दात रहेको सो वितरण गर्नुपर्ने अन्यथा विक्री गरी रकम दाखिला गर्नुपर्ने</td><td>उक्त सामाग्री पालिकाले बिक्री गरी बेरुजू रकम बैंक दाखिला भएको प्रमाण पेश</td><td>११०३५४</td></tr>
<tr><td>२०७६।०७७</td><td>१८</td><td>रामकोट सोलार लिफ्टिङ्ग खानेपानीलाई भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको</td><td>सार्वजनिक लेखा समितिको २०७८।८।२१ को लेखा समितिको बैठकको सिफारिसमा मिति २०७८।९।७ को निर्णय र मिति २०७८।९।३० को दशौं गाउँसभाबाट नियमित भएको</td><td>३९७५१०</td></tr>
<tr><td>२०७६।०७७</td><td>२५</td><td>बढी दरमा विरुवा खरिद भएको रकम नियम सम्मत नदेखिएको</td><td>सार्वजनिक लेखा समितिको २०७८।८।२१ को लेखा समितिको बैठकको सिफारिसमा मिति २०७८।९।७ को निर्णय र मिति २०७८।९।३० को दशौं गाउँसभाबाट नियमित भएको</td><td>५६७०८८</td></tr>
<tr><td>२०७६।०७७</td><td>२९</td><td>अन्य शिर्षकबाट खर्च भएको रकम नियम सम्मत नदेखिएको</td><td>सार्वजनिक लेखा समितिको २०७८।८।२१ को लेखा समितिको बैठकको सिफारिसमा मिति २०७८।९।७ को निर्णय र मिति २०७८।९।३० को दशौं गाउँसभाबाट नियमित भएको</td><td>१०००००००</td></tr>
<tr><td>२०७६।०७७</td><td>३३</td><td>कोभिड कोषबाट आर्थिक सहायता खर्च गरेको रकम नियम सम्मत नदेखिएको</td><td>सार्वजनिक लेखा समितिको २०७८।८।२१ को लेखा समितिको बैठकको सिफारिसमा मिति २०७८।९।७ को निर्णय र मिति २०७८।९।३० को दशौं गाउँसभाबाट नियमित भएको</td><td>५८३५००</td></tr>
<tr><td>२०७६।०७७</td><td>३५</td><td>स्वयं सेवकलाई जिल्ला दर भन्दा बढी दरमा ज्याला भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको</td><td>सार्वजनिक लेखा समितिको २०७८।८।२१ को लेखा समितिको बैठकको सिफारिसमा मिति २०७८।९।७ को निर्णय र मिति २०७८।९।३० को दशौं गाउँसभाबाट नियमित भएको</td><td>७४९०७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>३४०७५२२</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>अद्यावधिक बेरुजू<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>३७३३२</td><td>३४०७</td><td>१८४३८</td><td>०</td><td>५२३६३</td></tr>
</table></td><td></td></tr>
</table>